**गढी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति,कार्यक्रम र बजेट बक्तव्य**

एघारौं गाउँसभाका सभाध्यक्ष एवं गाउँपालिका अध्यक्षज्यू

प्रमुख प्रशासकीय अधिकृतज्यू

गाउँसभाका आदरणीय सदस्यज्यूहरु

गढी गाउँपालिकाका शाखा प्रमुखज्यूहरु

कर्मचारीज्यूहरु,पत्रकारज्यूहरु

साथै अन्य उपस्थित महानुभावज्यूहरु

१) गढी गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गढी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति,कार्यक्रम तथा बजेट यस गरिमामय गाउँसभाको एघारौं बैठकमा प्रस्तुत गर्न पाउँदा म अन्यन्तै हर्षित एवं उत्सुक भएको छु। संवत २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोस्रो कार्यकालको निर्वाचन पश्चात दोस्रो पटक वार्षिक नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने मौका प्रदान गर्नु हुने आम गढीवासीहरुलाई म मेरो व्यक्तिगत तर्फबाट र सम्पूर्ण गाउँपालिकाको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु।

२) आगामी आर्थिक वर्षको बजेट,नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान,२०७२,स्थानीय सरकार सञ्चालन ऐंन,२०७४,नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम,दिगो विकासका लक्ष्यय,गढी गाउँपालिकाको वस्तुगत अवस्था,चालु आवधिक योजना,विभिन्न राजनीतिक दल,संघ/संस्था तथा आम नागरिक भेलाबाट प्राप्त सुझाव तथा विगतका हाम्रै आफ्नो अनुभवहरुलाई गम्भिरतापूर्वक ध्यान दिने प्रयत्न गरेको छु।

३) यस क्रममा म नेपालको राष्ट्रियता,राष्ट्रिय स्वाधिनता,गणतन्त्र एवं लोकतन्त्र,धर्म निरपेक्षता,समावेशिता,सामाजिक न्याय र समानताको सबै खाले आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै वहाँहरु प्रति हार्दिक नमन व्यक्त गर्न चाहन्छु। साथै नेपालको राजनीतिक परिवर्तन र नेपाली जनताको सुख समृद्धिका लागि संघर्ष गर्नुहुने महान नेपाली नागरिक र त्यसको सबल नेतृत्व प्रदान गर्नु हुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु। त्यसै गरी गाँउपालिका निर्माणको क्रममा यस क्षेत्रका ऐतिहासिक विशिष्ट महानुभावहरु,नागरिक समाजका अगुवाहरु,पूर्व जनप्रतिनीधिज्यूहरु, मानव अधिकारकर्मी,पत्रकार,शिक्षक,संघर्ष र त्यागमा समर्पित सम्पूर्ण अभियान्ताहरु तथा आम गढीवासीहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

४) गढी गाँउपालिकालाइ समृद्ध,सुखी,स्वच्छ र विकसित गाउँपालिका निर्माण गर्ने हाम्रो उद्देश्य रहेको छ । पालिकाका सामुन्ने एउटा समृद्ध पालिका बन्नका लागि अझै अनेकौ चुनौतिहरु विद्यमान रहेका छन् । तिनका बाबजुद ति चुनौतीहरु बीच पनि त्यतिकै उज्वल सम्भावनाहरु पनि विद्यमान छन् । सीमित स्रोत साधनको बाबजुद हामीले चुनौतीका ति पहाडहरुलाई चिर्दै ती तमाम समस्याहरुको समाधान गर्ने क्रममा संभावनालाई नै उपलब्धीको रुपमा रुपान्तरण गर्न सक्छौ भन्ने आत्मविश्वास र दृढ इच्छा शक्तिका साथ अगाडी बढ्नुपर्दछ  भन्ने मान्यतालाई आत्मसात गरेकी छु ।

५) जनताको अपार माया,स्नेह र विश्वासको मतका आधारमा हामी निर्वाचित भएर आएको छोटो समयमानै गाउँपालिका क्षेत्रमा विभिन्न रचनात्मक कार्यहरुलाई अगाडी बढाएका छौं । पहिलो आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थामा विश्व आर्थिकमन्दी र यसबाट नेपालमा परेको असरले गर्दा राजश्व संकलनमा आएको संकुचनका कारण संघ र प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँड र वित्तिय समानीकरण अनुदान वापतको रकममा कटौती आएको कारणले आर्थिक वर्षको अन्त्यमा बजेट संतुलित तरीकाले परिचालन गर्न कठिनाई भएको कुरा स्मरण गराउन चाहन्छु । यसका बाबजुद पनि सीमित स्रोत साधनलाई मितव्ययीतापूर्वक परिचालन गर्ने हाम्रो प्रयास रही आएको छ । पूर्वाधार,सामाजिक विकास,आर्थिक विकास लगायत सर्वाङ्गीण विकासको लागि हाम्रो प्रयास जारी छ ।

उक्त अवस्थाहरुलाई मध्य नजर गरी वार्षिक नीति,कार्यक्रम तथा बजेटको तर्जुमा गर्नुपर्ने हाम्रो अवस्था प्रति म संवेदनशील र गंभिर रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

आदरणीय सभासदस्यज्यूहरु

**६) अब म आर्थिक वर्ष २०८०।८१ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु ।**

- कृषिमा व्यावसायिकरण गर्नुका साथै उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने ।
- सामाजिक सबै क्षेत्रमा समानुपातिक विकास गर्ने ।
- अति आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने ।
- गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधिमैत्री बनाउने ।
- गाउँपालिकाप्रति आम नागरिकहरुको आस्था तथा भरोसालाई बृद्धि गर्ने ।
- लक्षित वर्गका लागि मुलप्रवाहिकरण,सशक्तिकरण र रोजगारी सिर्जना गरी आत्मनिर्भर बनाउने ।

**७) अब म आर्थिक वर्ष २०८०।८१ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।**

- स्वास्थ्य  तथा शिक्षा सेवा प्रवाह विस्तार
- कृषि पर्यटन प्रबर्द्धन तथा कृषि प्रविधिको आधुनिकिरण र व्यवसायिकरण गर्ने
- सडक पूर्वाधार निर्माण र स्तरोन्नती
- वातावरण संरक्षण

- रोजगारीको अवसरमा बृद्धि
- पर्यटकीय गन्तब्यहरुको उजागर गरी आर्थिक उपार्जन सँग जोड्ने ।
- सामाजिक सद्भाव कायम गर्दै विभेदको अन्त्य गर्ने ।
- सेवा प्रवाहमा प्रभावकारीता
- सुशासनमा जोड
- लैगिंक सशक्तिकरण,मूल प्रवाहिकरण गर्ने

**आदरणीय अध्यक्षज्यू**

८) **अब म आर्थिक वर्ष २०८०।८१ को लागि कुल अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।**

आर्थिक वर्ष २०८०।८१ को लागि नेपाल सरकार समानिकरण रु.११,६३,००,०००।००, संघिय राजश्व बाँडफाँड वापतको रु.८,९६,२९,४००।०० संघिय शसर्त अनुदान वापतको रकम रु.१७,२४,००,०००।००,संघिय सरकार समपुरक अनुदान वापत रु.७५,००,०००।००,कोशी प्रदेश समानीकरण अनुदान वापतको रु.७३,०७,०००।००, कोशी प्रदेश समपुरक अनुदान वापतको रु.१,००,००,०००।००,कोशी प्रदेश राजश्व बाँडफाँड वापतको रु.४०,५५,०००।०० र आन्तरिक स्रोत रु. १,००,००,०००।०० गरी जम्मा रु.४०,७१,९१,४००।०० को आय र रु. ४०,७१,९१,४००।०० को व्यय बराबरको बजेट पेश गरेकीछु ।

आदरणीय सभासदस्यज्यूहरु

९) **अब म क्षेत्रगत रुपमा बजेट प्रस्तुत गर्न चाहन्छु ।**

| सि.नं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | २ | आर्थिक विकास | २,१२,७५ | ४३,०० | १,६९,७५ | ० | ० | ० | |
| १ | २०१ | कृषि | १,७१,८८ | ३५,०० | १,३६,८८ | ० | ० | ० | |
| २ | २०२ | उद्योग | १२,७५ | ० | १२,७५ | ० | ० | ० | |
| ३ | २०३ | पर्यटन | १०,०० | ० | १०,०० | ० | ० | ० | |
| ४ | २०४ | सहकारी | ३,०० | ३,०० | ० | ० | ० | ० | |
| ५ | २०६ | जलश्रोत तथा सिंचाई | ३,५० | ० | ३,५० | ० | ० | ० | |
| ६ | २०७ | बन | ५० | ० | ५० | ० | ० | ० | |
| ७ | २०८ | पशुपन्छी विकास | ११,१२ | ५,०० | ६,१२ | ० | ० | ० | |
| २ | ७ | सामाजिक विकास | १९,०३,३३ | १,७१,३८ | १७,२४,९५ | ७,०० | ० | ० | |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | ६९,०० | ० | ६९,०० | ० | ० | ० | |
| २ | ७०३ | युवा तथा खेलकुद | ८३,१९ | ४५,६९ | ३०,५० | ७,०० | ० | ० | |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | २१,०० | ५,०० | १६,०० | ० | ० | ० | |
| ४ | ७०५ | भाषा तथा संस्कृति | ११,३० | ० | ११,३० | ० | ० | ० | |

| सि.नं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| ५ | ७०६ | शिक्षा | १३,१३,६४ | ७६,८९ | १२,३६,७५ | ० | ० | ० | |
| ६ | ७०७ | स्वास्थ्य | ३,७२,४० | ३५,८० | ३,३६,६० | ० | ० | ० | |
| ७ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३२,८० | ८,०० | २४,८० | ० | ० | ० | |
| ३ | ३ | पूर्वाधार विकास | १०,२२,७५ | १,००,०० | ९,२२,७५ | ० | ० | ० | |
| १ | ३०१ | यातयात पूर्वाधार | ८,५०,७५ | ७५,०० | ७,७५,७५ | ० | ० | ० | |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | १,६४,०० | २५,०० | १,३९,०० | ० | ० | ० | |
| ३ | ३०३ | उर्जा | ८,०० | ० | ८,०० | ० | ० | ० | |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७०,३७ | ४५,८५ | १८,४५ | ६,०७ | ० | ० | |
| १ | ४०१ | शासन प्रणाली | ४४,१७ | ३५,८५ | २,२५ | ६,०७ | ० | ० | |
| २ | ४०६ | शान्ति तथा सुव्यवस्था | १,०० | ० | १,०० | ० | ० | ० | |
| ३ | ४१० | गरिबी निवारण | २,०० | ० | २,०० | ० | ० | ० | |
| ४ | ४१२ | योजना तर्जुमा र कार्यन्वयन | १,४५ | ० | १,४५ | ० | ० | ० | |
| ५ | ४१४ | तथ्यांक प्रणाली | ६,०० | ० | ६,०० | ० | ० | ० | |
| ६ | ४१७ | विपद व्यवस्थापन | १५,७५ | १०,०० | ५,७५ | ० | ० | ० | |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,६२,७१ | ६,७६,६१ | १,२६,१० | ६०,०० | ० | ० | |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,६२,७१ | ६,७६,६१ | १,२६,१० | ६०,०० | ० | ० | |
| कुल जम्मा | | | ४०,७१,९१ | १०,३६,८४ | २९,६२,०० | ७३,०७ | | | |

**पूर्वाधार विकासः**

१०) गाउँपालिकाको विभिन्न बाटो घाटोहरु कालोपत्रे कार्यलाइ गाउँपालिकाको गौरबको आयोजनाको रुपमा लिइएको छ । यस वर्ष कम्तीमा २० किलो मिटर कालोपत्रे कार्य शुरुवात गरिनेछ । जसको लागि गाउँपालिकाका विभिन्न सडकहरुलाइ कालोपत्रे कार्य शूरुवात गर्नका लागि रु.१ करोड विनियोजन गरेकीछु ।

११) बहुवर्षिय योजनाको रुपमा रहेको वडा नं.६ कमल साहको घरदेखि उत्तर गढी २,५,६ को काली मन्दिरसम्म जोड्ने बाटो कालोपत्रे निरन्तरता कार्यलाइ यस वर्ष सम्पन्न गरिनेछ । यस कार्यको लागि रु.२ करोड विनियोजन गरेकीछु ।

१२) गाउँपालिकाका सम्पूर्ण वडाहरुमा बाटोघाटो मर्मत संभारको लागि रु.२० लाख बजेट विनियोजन गरेकीछु ।

१३) गाउँपालिकाको प्रशासनिक भवनलाइ यस वर्ष पनि निरन्तरता दिइएकोछ । गाउँपालिका भवन निर्माणको लागि रु.१ करोड ५० लाख विनियोजन गरेकीछु ।

१४) विपन्न नागरिकहरुको आवास भवन निर्माणको लागि रु.२५ लाख विनियोजन गरेकीछु ।

**सामाजिक विकासः**

**शिक्षाः**

१५) राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको लागि रु.३ लाख बजेट विनियोजन गरेकीछु ।

१६) जेहन्दार विद्यार्थीहरुको लागि छात्रवृत्री कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेकीछु।

१७) बालविकास तथा विद्यालय कर्मचारीहरुको पालिकाबाट रु.७१ लाख उनान्नबे हजार बजेट विनियोजन गरेकीछु ।

१८) पालिकाभरीका विद्यालयहरुको फर्निचर मर्मतका लागि रु. १० लाख विनियोजन गरेकीछु ।

यस प्रकार गढी गाउँपालिकाबाट सशर्त बाहेक रु.९१ लाख ८९ हजार बजेट विनियोजन गरेकीछु ।

**स्वास्थ्यः**

१९)महिला स्वास्थ्य स्वयं सेविकाहरुको प्रोत्साहन भत्तालाइ यस वर्ष पनि निरन्तरता दिइएकोछ । यसका लागि रु.९ लाख ५० हजार बजेट विनियोजन गरेकीछु ।

२०)विपन्न नागरिकहरुलाइ ६० प्रतिशत लागत सहभागितामा स्वास्थ्य विमा कार्यक्रमका लाई पाइलट प्रोजेक्टको रुपमा संचालन गर्नका लागि ६ लाख ३० हजार बजेट विनियोजन गरेकीछु ।

२१)स्वास्थ्य संस्थाहरुमा सहज औषधी पहुँचको लागि रु.२० लाख बजेट विनियोजन गरेकीछु । **कृषि तथा पशुपंछिः**

२२)पशु तथा कृषी शाखा व्यवस्थापनका लागि बजेट बिनियोजन गरेकीछु । यस शाखाको लागि तालिम,औषधी खरिद,उन्न्त जातको बीउँ विजन,कृषी औजार वितरण,माटो परिक्षण,कृत्रिम गर्भधारण,मकै पकेट क्षेत्र तथा अन्य कार्यक्रमको लागि रु.५४ लाख बजेट विनियोजन गरेकीछु ।

**लैगिक समानता तथा समावेशिकरणः**

२३) यस क्षेत्रको विभिन्न तालिम,गोष्ठी,शिप विकास तालिम तथा अन्य कार्यक्रम गरी महिला शसक्तिकरण र समावेशीताको क्षेत्रका लागि रु.३२ लाख ८० हजार बजेट विनियोजन गरेकीछु ।

**खानेपानी तथा सरसफाइः**

२४) खानेपानी परिक्षण किट, वासच्यापियन,डस्टविन खरिद तथा अन्य कामको लागि रु.२१ लाख बजेट विनियोजन गरेकीछु ।

अन्त्यमा आर्थिक वर्ष २०८०।८१ को बजेट निर्माणको क्रममा अहोरात्र खटिनुहुने प्रमुख प्रशासकिय अधिकृतज्यु,योजना शाखा प्रमुखज्यू,स्वास्थ्य शाखा प्रमुखज्यू लगायतका कर्मचारीहरु,बजेट निर्माणको क्रममा निर्देशन र मार्ग दर्शन प्रदान गर्नुहुने आदरणीय अध्यक्षज्यू,वडा अध्यक्षज्युहरु,कार्यपालिका सदस्यज्यूहरु,वडा सदस्यज्यूहरु,विभिन्न समयमा सुझाव प्रदान गरी बजेटलाई वस्तुपरक बनाउन सहयोग गर्नुहुने पत्रकार,शिक्षक लगायत आमगढी बासीहरुलाई धन्यवाद दिदै आर्थिक वर्ष २०८०।८१ को बजेट पारित गरी सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासकासाथ यो सम्मानित सभाबाट विदा हुन चाहन्छु ।

**धन्यवाद ।**